# प्रेस विज्ञप्ति
## आषाढ ४, २०८०

## एन आई सी एशिया क्यापिटल लिमिटेड र महालक्ष्मी विकास बैंक लिमिटेड बीच "११%महालक्ष्मी डिबेन्चर, २०८९" को रजिष्ट्रार सेवा उपलब्ध गराउने सम्बन्धी सम्झौता सम्पन्न ।

दश वर्ष अवधि तथा वार्षिक ११ प्रतिशत ब्याजदर भएको प्रति ऋणपत्र रु.१०००/- अंकित मूल्यको १०,००,००० कित्ताले हुन आउने रु.१ अर्ब बराबरको **"११%महालक्ष्मी डिबेन्चर, २०८९"** को रजिष्ट्रार सेवा उपलब्ध गराउने सम्बन्धी एन आई सी एशिया क्यापिटल लिमिटेड र महालक्ष्मी विकास बैंक लिमिटेड बीच दुई पक्षिय सम्झौता सम्पन्न भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउदछौं ।

उक्त डिबेन्चर रजिष्ट्रार सेवा अन्तर्गत बाँडफाँडमा ऋणपत्र पर्न सफल भएका लगानीकर्ताहरुको ऋणपत्र सम्बन्धित ऋणपत्रधनीहरुको हितग्राही खातामा जम्मा गरिदिने, कारोवार भएको ऋणपत्रहरुको अभिलेख राख्ने, दाखिल खारेज गर्ने, ऋणपत्रधनीहरुको लगत अध्यावधिक गरि राख्ने लगायतका रजिष्ट्रार सम्बन्धी सम्पूर्ण कार्यहरु यही मिति २०८० साल आषाढ ५ गते मंगलबार देखि एन आई सी एशिया क्यापिटल लिमिटेड, चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली ११, काठमाण्डौ मार्फत हुने व्यहोरा सम्पूर्ण ऋणपत्रधनी लगायत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

साथै एन आई सी एशिया क्यापिटलको "IDEA to IPO" सेवा अन्तर्गत जुन सुकै अवस्था र जुनसुकै चरणमा रहेका कम्पनीहरुलाई IPO जारी गर्ने तहसम्म पुर्याई सर्वसाधारणमा शेयर जारी गर्ने सम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराउदै आइरहेको छ । हाल सोही "IDEA to IPO" सेवालाई अझ बढी परिस्कृत गर्दै प्राइभेट कम्पनीहरुलाई समेत शेयर रजिष्ट्रार सम्बन्धी सेवा उपलब्ध गराउन सुरु गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउदछौं । उक्त सेवा सम्बन्धी थप जानकारीको लागि मर्चेण्ट बैंकिङ्ग प्रमुख, श्री दामोदर रायमाझी मोवाईल नं. ९८५११८४९७९ वा इमेल ठेगाना ideatoipo@nicasiacapital.com मा सोझै सर्म्पक गर्न सकिने छ ।

Ramendra

.............................
रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT खाता

मेरो लगानी, मेरो भविष्य